# रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी

## हलुका सवारी साधन जिप खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति : २०७४/०७/२९ गते

सूचना नं. १/२०७४/०७५

यस कार्यालयको लागि १ (एक) थान हलुका सवारी साधन जिप (Two Wheel Drive) खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनी/संस्था वा सप्लायर्सले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१) बोलपत्र फारम सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय,संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) , स्थायी लेखा नम्बर (PAN) र आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका साथै उत्पादक फर्म वा कम्पनीको Authorized Letter को प्रमाणित प्रतिलिपि र बोलपत्र दस्तुर रु ३०००।०० (तिन हजार मात्र) को राजश्व शाखामा दाखिला गरेको नगदी रसिद निवेदन साथ पेश गरेपछि यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समयभित्र यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथमपटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउनु पर्नेछ ।

३) बोलपत्र फारमसाथ जमानत बापतको रकम यस नगरपालिका कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक इनरुवा शाखामा रहेको खाता नं २२२०३०३००३००२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको नगदि रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० (एक सय विस) दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त "क" श्रेणीको बाणिज्य बैंकबाट जारी भएको बिड बोण्ड संलग्न गर्नुपर्नेछ ।

४) दर्ता हुन आएका शिलबन्दि बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको १:०० वजे खोलिनेछ । फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

५) प्राप्त बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाहि गरिने छैन । बोलपत्रमा प्रत्येक आइटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझ्ने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अंक्षरलाई मान्यता दिइनेछ ।

६) हलुका सवारी साधन जिप बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ । अन्य कुराहरु सार्वजनिक खरिद ऐन नियमावली र प्रचलित अन्य ऐन नियम अनुसार हुनेछ ।

७) बोलपत्र सम्बन्धि थप जानकारीका लागि रामधुनी नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| बोलपत्र/ठेक्का नं | कामको विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १/२०७४/०७५ | हलुका सवारी साधन जिप (Two Wheel Drive) खरिद कार्य ( बोलपत्र पुस्तिकामा संलग्न स्पेशिफिकेशन बमोजि ) | १ थान | ३०००।– | ८७५००।– | |

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका